मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सः-२०७७।७८
च.नं. 69

मितिः २०७७।०४।१८

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
मेलम्ची नगरपालिका ।

"प्रस्तुत विषयमा साविक सामाजिक सुरक्षा भत्ता खाइपाई आएका ६० वर्ष उमेर नपुगेका विधवा तथा अति अशक्त अपाङ्गता भएका लाभग्राहीहरुको सामाजिक सुरक्षा परिचयपत्र नवीकरण र नयाँ निवेदन संकलन गर्ने कार्य सामाजिक सुरक्षा ऐन,२०७५ र नियमावली २०७६ जारी भएपछि स्थगीत रहेकोमा हाल संसोधन प्रक्रियामा रहेको र सामाजिक सुरक्षा ऐन,२०७५ संसोधन भएपछि त्यस्ता लाभग्राहीहरुको सोही बमोजिम हुनेगरी छुट्टै अभिलेख राखी ब्यबस्थापन सुचना प्रणालीमा नवीकरण गर्ने भन्ने मिति २०७७।०४।१५ गृह मन्त्रालय(मा.मन्त्रीस्तर) को निर्णय भएको हुँदा सोही अनुसार त्यस्ता लाभग्राहीहरुको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्नु गराउनुहुन अनुरोध छ ।" भनी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभागको च.नं. १६३ मिति २०७६।०४।१६ गतेको पत्रबाट लेखी आएको हुँदा सोही बमोजिम त्यस्ता लाभग्राहीहरुको नवीकरण तथा नयाँ निवेदन संकलन गरी ५ दिन भित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्नुहुन अनुरोध छ ।

२०७७।४।१८

जीवनाथ भण्डारी
अधिकृत (छैटौं)